जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २४२ पृष्ठः ४ | २०८२ माघ ०४ आइतबार (Sunday 18 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजारका युवा व्यवसायी यादवद्वारा जन्मोत्सवमा ४५ विपन्न परिवारलाई राहत



सिरहा, ३ माघ। सिरहाको गोलबजारका युवा व्यसायी तथा समाजसेवी विनय यादवले जन्मोत्सवको अवसर पारेर ४५ विपन्न, दलित परिवारलाई मुरही, च्यूरा लगायतका खाद्यान्न प्रदान गरेका छन्। फनिचर व्यवसाय गर्दै आएका यादवले आफ्नो जन्मदिनको अवसर पारेर नरहा गाउँपालिका ३ खोरिया बस्तिका ४५ घरधुरीलाई उक्त खाद्यान्न सहयोग गरिएको हो। जन्मोत्सवको नाममा गरिने फजुल खर्चलाई कटौति गरेर सामाजिक उत्तरदायित्वको रुपमा गरिब तथा अति विपन्न परिवारलाई राहत सामग्री दिएको उनले बताए।

व्यवसायी यादवले जन्मदिनलाई केवल व्यक्तिगत खुसीमा सीमित नराखी समाजका विपन्न वर्गसँग बाँड्न पाउँदा आत्मसन्तुष्टि मिलेको बताउँदै भने, 'सानो सहयोगले पनि कसैको अनुहारमा मुस्कान ल्याउन सकियो भने त्यसको आन्द नै वेग्दै हुने रहेछ। त्यसैले म आउँदा दिनमा पनि यस्ता सामाजिक कार्यलाई निरन्तरता दिने प्रयास गर्छु।' स्थानीय बासिन्दाले यादवको कार्यको प्रशंसा गर्दै यस्ता कार्यले समाजमा सकारात्मक सन्देश जाने बताए।

## सिरहामा पनि मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना



**मणिलाल विश्वकर्मा**

लहान, ३ माघ। आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सिरहामा पनि मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। जिल्ला सदरमुकामस्थित सिरहा नगरपालिकाको पुरानो भवनमा शुक्रबार मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो। कार्यालय स्थापनापछि ६ माघका लागि प्रत्यक्षतर्फको उम्मेदवारी दर्ताको तयारीसहित निर्वाचनसम्बन्धी काम सुचारु भएको जिल्ला निर्वाचन अधिकारी राजन श्रीवास्तवले जानकारी दिए।

**चार क्षेत्रमा साढे चार लाखभन्दा बढी मतदाता**

**–बाँकी दुई पेजमा**

## प्रथम गोलबजार अन्तर विद्यालय क्रिकेट टुर्नामेन्ट माघ ४ गतेबाट सुरु




सिरहा, ३ माघ। गोलबजार युवा स्पोर्टस क्लवको अयोजनामा 'प्रथम गोलबजार अन्तर विद्यालय क्रिकेट टुर्नामेन्ट २०८२' हुने भएको छ। नगर प्याब्सन र एन प्याब्सको सह–आयोजनामा गोलबजार ४ स्थित जनता माध्यमिक (प्राविधिक) विद्यालयको प्राङ्गणमा आईतबारबाट टुर्नामेन्ट हुन लागेको हो। आईतबार एक समारोहकाविच उद्घाटन खेल सुरु गर्ने पत्रकार सम्मेलनगरी

**–बाँकी दुई पेजमा**

## पलिकाले पूर्वाधार विकाससँगै शिक्षा, स्वास्थ्य, खेलकुद र कृषि क्षेत्रमा लगानी बृद्धि गरेको छ : मेयर श्रवण यादव

मिर्चैया, ३ माघ। सिरहा मिर्चैया नगरपालिका मेयर श्रवण कुमार यादवले भौतिक पूर्वाधार विकाससँगै शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि र मनोरञ्जनको क्षेत्रमासमेत लगानी बृद्धि गर्दै आएको बताए। पालिकाको १६ औं नगर अधिवेशनलाई सम्वोधन गर्दै सम्पूर्ण विकासका योजनालाई नगरपालिकाले प्राथमिकताका साथ अगाढी बढाएको बताएका हुन्। उनले पूर्वाधार विकाससँगै शिक्षा, स्वास्थ्यलाई महत्वकासाथ बजेट विनियोजन गरेको बताउँदै हामीले युवा तथा विद्यार्थीलाई लक्षित गरी खेलकुदलाई प्राथमिकतामा राखेको



बताए।

उनले भने, 'हामीले सवै क्षेत्रलाई समानढङ्गले अगाढी बढाउने प्रयास गरिरहेका छौं। त्यसमा पनि युवा र विद्यार्थीलाई लक्षीत गरेर सवैखालका खेलकुदमा पनि हामीले लगानी बढाएका छौं।' सोही क्रममा उनले नगरले अस्पताल चलाउनु हात्ति पाल्नुभन्दा खर्चिलो भएको बताए। उनले भने, 'हात्ति पाल्न सजिलो होला तर डाक्टर पाल्न समस्या छ। खर्चिलो भएकाले अस्पताल चलाउन धेरै समस्या छ। तरपनि हामीले यसलाई चलाई रहेका छौं। यहाँ जनताले शुलभ ढङ्गले स्वास्थ्य उपचार पाईरहेका छन्। र विस्तारै

**–बाँकी दुई पेजमा**

## जाडोबाट बच्ने उपाय।

- जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुन सक्छ।
- चिसोको कारण प्रदूषण बढ्ने गर्छ।
- चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ।
- चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायतका अङ्गमा गम्भीर असर पुग्न सक्छ।
- बालबालिका, बुद्धबृद्धा, गर्भवती महिला तथा दमका विरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, धुँवा तथा चिसोँबाट बचौं र बचाऔं।
- ८ सकेसम्म घरभित्रै बसौं, निस्कनैपर्ने भए न्यानो कपडा लगाएरमात्र निस्कौं।
- कुनै समस्या परे चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## विश्व समुदायको लाचारी कि नरसंहारमा साझेदारी ?

इरानको धार्मिक कट्टरपन्थी शासनले जनविद्रोहमा सहभागी हजारौं नागरिकको नरसंहार गरेको समाचार आए पनि अन्तर्राष्ट्रिय समुदाय लाचार र मौन देखिनु अत्यन्त चिन्ताको विषय हो। यस्तो आज गम्भीर मानवीय संकटमा पनि मौन रहने हो भने विश्वका नागरिकहरूको मानवताबाटै विश्वास उठ्नेछ। राज्यसत्ताको नाममा आफ्नै निहत्था नागरिकमाथि गरिएको दमन, हत्या र नियोजित हिंसा आन्तरिक राजनीतिको विषयमात्र मानिन सक्तैन। यो मानवअधिकार बढापत्रको खुला उल्लंघन हो। विशेषगरी जातीय अल्पसंख्यक, महिलाहरू, राजनीतिक विरोधी, पत्रकार र मानवअधिकारकर्मीप्रति लक्षित हिंसाले इरानमा नरसंहार गम्भीर अवस्थामा पुगेको छ।

महँगीविरुद्ध सुरु भएको विद्रोह बढ्दै गएपछि जीवन र स्वतन्त्रताको माग गर्दै सडकमा उत्रिएका नागरिकहरूलाई गोली, फाँसी र जेलमार्फत चुप लगाउने प्रयास भइरहेको छ। संसारसँग सञ्चार सम्पर्क बन्द गरिएको इरानभित्र वास्तवमा के भइरहेको छ भन्ने बुझ्नसमेत संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय समुदाय अग्सर भएको देखिएन। सरकारविरुद्ध प्रदर्शनमा सहभागी हुनु, सामाजिक सञ्जालमा विचार राख्नु वा राज्यको आलोचना गर्नुलाई नै 'राष्ट्रद्रोह' ठहर गरी मृत्युदण्डसम्म दिइनु शासनको चरम क्रूर र भयावह अनुहार हो। अझ डरलाग्दो कुरा, यी सबै राज्य संरक्षित हिंसाका घटनाहरू विश्व समुदायको आँखै अगाडि भइरहँदा पनि मान्छेको प्राण जोगाउन सार्थक हस्तक्षेप कसैले गर्न सकेको छैन।

सामान्यतः एसियाको विश्व शक्ति राष्ट्र चीनले अर्को मुलुकमा मानव अधिकार हनन भएको विषयमा चासो देखाउने गरेको छैन। यसै पनि आफ्नो देशमा नागरिकलाई राजनीतिक अधिकारहरूबाट वञ्चित गर्ने शासकहरूलाई अरूका मामिलामा बोल्ने नैतिक अधिकार पनि हुँदैन। अर्को विश्वशक्ति राष्ट्र अमेरिकाका राष्ट्रपतिले प्रदर्शनकारीमाथि बल प्रयोग नगर्न दिएको चेतावनीले इरानका दमनकारी शासकलाई झन् उत्तेजित बनाएको देखियो। एसियाकै अर्को उदीयमान शक्ति भारत पनि इरानको नरसंहारमा मौन रहेको छ। कम्तीमा युरोपेली संघका मुलुकहरू र बेलायतले त इरानको नरसंहारको निन्दा गर्दै नागरिकमाथि दमन नगर्न इरानी शासकलाई चेतावनी दिनुपर्थ्यो।

यति ठूलो नारसंहारलाई सत्ता र विपक्षबीचको द्वन्द्वमात्र ठानियो भने मानवताको इतिहासमै कलंक हुनेछ। अहिलेको नरसंहार त मानव अस्तित्व र गरिमामाथिको हमला हो। कुनै पनि सार्वभौम राष्ट्रले आफ्नै नागरिकलाई सामूहिक रूपमा दमन गर्ने, बेपत्ता पार्ने र हत्या गर्ने अधिकार पाउँदैन। यस्तो नरसंहारलाई आन्तरिक मामिलाको आवरणमा बेवास्ता गर्नु वा मौन रहनु अपराधमा अप्रत्यक्ष साझेदारी गर्नु सरह हो। अन्तर्राष्ट्रिय समुदाय, विशेषगरी संयुक्त राष्ट्रसंघ, मानवअधिकार परिषद् र लोकतान्त्रिक मुलुकहरूको भूमिका यस सन्दर्भमा अत्यन्तै कमजोर देखियो। कूटनीतिक चासो, रणनीतिक स्वार्थ र तेल राजनीतिले मानवीय मूल्यहरूलाई ओझेलमा पार्नु मानव जातिकै लागि दुर्भाग्यपूर्ण हो। इतिहासले बारम्बार देखाएको छ अन्तर्राष्ट्रिय समुदाय समयमै बोलेन भने नरसंहार झन् बढ्दै र क्रूर हुँदै जान्छ।

त्यसैले इरानमा भइरहेको नरसंहारको स्पष्ट, निर्भीक र सार्वजनिकरूपमा विरोध गरिनुपर्छ। दोषीहरूलाई अन्तर्राष्ट्रिय कानुनको दायरामा ल्याउने पहल, स्वतन्त्र छानबिन र पीडितहरूको आवाजलाई विश्व मञ्चमा पुऱ्याउनु आजको मानव समुदायकै कर्तव्य बनेको छ। मानवता मौन बस्न सक्दैन र बस्नु पनि हुँदैन।

सर्वसत्तावादी शासन क्रूरता उजागर भएर होइन कमजोरी उदाङ्गियो भने पतन हुन्छ। क्रूरता त उसको शक्ति हो। यसैले, अन्तर्राष्ट्रिय समुदायले चेतावनी दिन र एक्ल्याउन थाले भने इरानका कट्टरपन्थी शासकहरू नरसंहार गर्न हच्किनेछन्।खखख


## पेन्सनपट्टा हराएको सूचना

यही मिति २०८२।९।१६ गतेका दिन गोलबजारदेखि घर जाने क्रममा वासुदेव प्रसाद उराव नाम गरेको पेन्सनपट्टा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निजलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : वासुदेव प्रसाद उराव**
**पेन्सनपट्टा नं.: ६४३४०**
**ठेगाना : बल्कवा–१, सिरहा**
**हाल : गोलबजार न.पा.–११, बल्कवा**
**मोबाइल नं. : ९७०४७१३३८३**


# सुशासन, दल र लोकतन्त्र

**डा. शोभाकर पराजुली**

सुशासन कुनै प्रशासनिक प्रविधि मात्र होइन, यो राजनीतिक नैतिकताको प्रतिफल हो। सुशासन त्यहाँ जन्मिन्छ, जहाँ शक्ति उत्तरदायित्वसँग बाँधिन्छ, जहाँ नीति स्वार्थमाथि विजय हुन्छ, र जहाँ राज्य जनताको सेवक बन्छ, शासक होइन। यस्तो सुशासन निर्माणमा राजनीतिक दलहरूको भूमिका केन्द्रीय हुन्छ, किनकि लोकतन्त्रमा राज्य सञ्चालनको वैचारिक, नीतिगत र नैतिक नेतृत्व राजनीतिक दलहरूले नै गर्छन्। तर आजको नेपाली सन्दर्भमा प्रश्न उठ्छ– राजनीतिक दलहरू सुशासनका वाहक हुन् कि अवरोध ?

सुशासनको कुरा नेपालमा त्यति बेला उठ्छ, जब शासन सबैभन्दा कुशासनमा डुबेको हुन्छ। राजनीतिक दलहरू सुशासनलाई भाषणको गहना बनाउँछन्, तर व्यवहारमा त्यसलाई बोझ ठान्छन्। यो कुनै संयोग होइनन्न यो नेपाली राजनीतिक दलहरूको संरचनागत असफलता हो।

**प्रश्न सरल छ, सुशासनको समस्या राज्यको हो कि राजनीतिक दलहरूको ?**

लोकतन्त्रमा सरकार बदलिन्छ, तर शासनको शैली नबदलिनु आफैंमा राजनीतिक दलहरूको सामूहिक अपराध हो। अन्ततः सुशासन राजनीतिक इच्छाशक्तिको परिणाम हो। राजनीतिक दलहरू बदलिन चाहेनन् भने कुनै कानुन, कुनै आयोग, कुनै प्रविधिले सुशासन ल्याउन सक्दैन। लोकतन्त्रको गुणस्तर दलहरूको चरित्रमा निर्भर हुन्छ।

**आजको चुनौती स्पष्ट छ–** राजनीतिक दलहरूले आफूलाई पुनःपरिभाषित गर्नुपर्छ। सत्ता जित्ने मेसिनबाट बाहिर निस्केर सार्वजनिक विवेकका संरक्षक बन्नुपर्छ। सुशासन कुनै उपहार होइनन्न यो राजनीतिक अनुशासन, नैतिक साहस र वैचारिक स्पष्टताको उपज हो। यदि राजनीतिक दलहरू सुझिएनन् भने राज्य सुझिँदैन। र, यदि राज्य सुर्ि एन भने लोकतन्त्र केवल चुनावी रितमा सीमित हुन्छ।

**सुशासनका चार आधारस्तम्भ मानिन्छन्–** उत्तरदायित्व, पारदर्शिता, विधिको शासन र सहभागिता। यी चारै स्तम्भ राजनीतिक दलको व्यवहारसँग प्रत्यक्ष जोडिएका छन्। दलहरू लोकतन्त्रका मध्यस्थ संस्था हुन्। जनता र राज्यबीचका पुल। यदि पुल नै कमजोर भयो भने शासनको सम्पूर्ण संरचना अस्थिर हुन्छ। राजनीतिक दलहरू केवल चुनाव जित्ने यन्त्र होइनन्। ती नीति निर्माणका प्रयोगशाला, नेतृत्व उत्पादनका विद्यालय र लोकतान्त्रिक संस्कृतिका संरक्षक हुन्। जब दलहरू वैचारिक रूपमा दरिद्र, संगठनात्मक रूपमा अपारदर्शी र नैतिक रूपमा लाचार हुन्छन्, तब सुशासन सम्भव हुँदैन, चाहे संविधान जतिसुकै प्रगतिशील किन नहोस्।

नेपाली राजनीतिक दलहरूको सबैभन्दा ठुलो समस्या सत्ता–केन्द्रित सोच हो। नीति होइन पद, सिद्धान्त होइन शक्ति, उत्तरदायित्व होइन पहुँच। यिनै प्राथमिकता बनेका छन्। यस्तो राजनीतिक संस्कृतिमा सुशासन 'घोषणापत्र' मा मात्र सीमित हुन्छ, व्यवहारमा होइन। सत्ता प्राप्तिपछि दलहरू राज्य र पार्टीबिचको सीमारेखा मेट्छन्। राज्य स्रोत पार्टीका कार्यकर्ता पाल्न प्रयोग हुन्छ। नियुक्ति योग्यतामा आधारित होइन, निष्ठामा आधारित बन्न पुग्छ र नीति जनहितमा होइन, गठबन्धनको सन्तुलन मिलाउनका लागि बन्न पुग्छ। यसरी राजनीतिक दल स्वयं सुशासनको पहिलो शत्रु बन्न पुग्छन्।

राजनीतिक दलहरू आफूलाई लोकतन्त्रका रक्षक भन्छन्, तर व्यवहारमा उनीहरू राज्य कब्जाका संयन्त्र बनेका छन्। निर्वाचन जितेपछि राज्य 'जनताको' होइन, 'दलको' सम्पत्ति हो भन्ने जस्तो व्यवहार गर्छन्। नियुक्तिदेखि बजेटसम्म, नीतिदेखि कानुनसम्म सबै कुरा भागबन्डाको सूत्रमा चल्छ। दलहरू राज्य चलाउँदैनन्, राज्य बाँडफाँट गर्छन्। र, जहाँ राज्य बाँडिन्छ, त्यहाँ सुशासन होइन, सञ्जालमार्फत शासन सञ्चालन गर्ने विधि जन्मिन्छ। सुशासन किन दलहरूलाई असहज लाग्छ त ? किनकि सुशासनले अनुशासन माग्छ। किनकि सुशासनले उत्तरदायित्व खोज्छ। किनकि सुशासनले 'हाम्रो मान्छे' को सुरक्षा तोड्छ। राजनीतिक दलहरूलाई भ्रष्टाचार भन्दा डर लाग्दैनन्न उनीहरूलाई डर लाग्छ– भ्रष्टाचारमाथि कारबाही हुने दिनबाट।

त्यसैले कानुन कडा बनाइन्छ तर लागू हुँदैन। आयोग बनाइन्छ तर निष्क्रिय हुन्छन्। भाषण तीखो हुन्छ तर इच्छाशक्ति हराउँदै जान्छ। सबैभन्दा ठुलो विडम्बना के हो भने, जो दलहरू भित्रको आन्तरिक लोकतन्त्रको अभ्यासमा अनुदार छन्, उनीहरू नै देशमा सुशासन ल्याउने दाबी गर्छन्। अधिवेशन ढिला, नेतृत्व स्थायी, आलोचक शत्रु। यही दलहरूको वास्तविक चरित्र हो।

दलभित्र प्रश्न गर्न नपाइने संस्कृतिले सरकारभित्र भ्रष्टाचारलाई वैध बनाउँछ। जहाँ नेतृत्व अकाट्य हुन्छ, त्यहाँ कुशासन अपरिहार्य हुन्छ। सुशासनको पहिलो परीक्षा राजनीतिक दलभित्रै हुन्छ। जसरी घरभित्र अनुशासन नमान्ने अभिभावकले समाजलाई नैतिकताको पाठ पढाउन सक्दैन, ठिक त्यसरी नै दलभित्र नियमित अधिवेशन, पारदर्शी आर्थिक प्रणाली, नेतृत्व चयनमा प्रतिस्पर्धा र असहमतिको सम्मान गर्ने अभ्यास नगरी उनीहरू सुशासनको भाषण गर्न नैतिक रूपमा अयोग्य ठहरिन्छन्। नेपाली दलहरूमा नेतृत्व दीर्घकालदेखि कब्जामा छ। विचारभन्दा अनुहार बलियो छ, संस्थाभन्दा व्यक्ति। यस्तो व्यक्तिवादी राजनीति सुशासनको ठाडो विरोधी हो। जब दलभित्र प्रश्न गर्न डर लाग्छ, तब सरकारभित्र भ्रष्टाचार स्वाभाविक बन्छ।

प्रतिपक्ष त सरकारलाई निगरानी गर्ने हो, तर नेपालमा प्रतिपक्ष सरकारसँग मोलतोल गर्ने शक्ति बनेको छ। सरकारको गल्ती उजागर गर्ने होइन, सरकारमा जाने अवसर खोज्ने परम्पराले सुशासनलाई मजाक बनाएको छ। हिजो संसद् बहसको थलो देखिएन, सम्झौताको गल्ली बन्न पुगेको थियो। नीतिमा बहस होइन, सत्तामा अंकगणित हाबी भयो। यस्तो संसदीय संस्कृतिमा सुशासन केवल कागजी अवधारणा बन्न पुग्छ। त्यसैले हामी त्यसबाट जोगिएर अघि बढ्नुपर्ने हुन्छ। संघीयता सुशासनको अवसर थियो, तर दलहरूले त्यसलाई नयाँ तहको भागबन्डामा रूपान्तरण गरे। स्थानीय तह जनताको नजिकको सरकार बन्नुपर्ने थियो, तर धेरै ठाउँमा दलका गुटहरूको अखडा बन्यो। स्थानीय सरकार कमजोर छैनन्न दलहरूले कमजोर बनाएका हुन्। किनकि बलियो स्थानीय सुशासनले केन्द्रको नियन्त्रण कमजोर बनाउँछ र त्यो दलका नेताहरूलाई असहज लाग्छ।

संघीय संरचनामा राजनीतिक दलहरूको भूमिका झनै जटिल र जिम्मेवार हुन्छ। स्थानीय तहमा दलहरू विकासका साझेदार बन्नुपर्ने हो, तर धेरै ठाउँमा ती ठेक्का, भागबन्डा र गुटबन्दीका केन्द्र बनेका छन्। स्थानीय सुशासन दलहरूको व्यवहारमा निर्भर छ। यदि स्थानीय नेतृत्व प्रशिक्षित छैन, नीतिगत रूपमा कमजोर छ र केवल पार्टी आदेशमा चल्छ भने संघीयताको आत्मा नै मर्छ। त्यसैले दलहरूले स्थानीय नेतृत्व विकासलाई प्राथमिकतामा राख्नैपर्छ। नेपाली राजनीतिमा भ्रष्टाचार कुनै दुर्घटना होइनन्न यो दल र राज्यको संरचनामा गढिएको प्रणाली हो। ठुला भ्रष्टाचार काण्डहरू किन निष्कर्षमा पुग्दैनन् ? किनकि आरोपी व्यक्ति होइन, राजनीतिक संरचनाको हिस्सा हो। जब दलहरूले 'हाम्रो मान्छे' लाई जोगाउँछन्, तब कानुन अपराधी विरुद्ध होइन, नागरिकका विरुद्ध प्रयोग हुन्छ। यहीँबाट राज्यप्रति विश्वास भत्किन्छ।

सुशासन सुधार होइन, राजनीतिक पुनर्निर्माण हो। सुशासन कुनै प्राविधिक सुधारको परियोजना होइन। यो राजनीतिक पुनर्निर्माणको सवाल हो। दलहरूले आफूलाई नबदल्दासम्म राज्य बदलिँदैन। सत्ता हस्तान्तरण हुन्छ, तर शासनको डीएनए उस्तै रहन जान्छ। समस्या अनुहारको होइन, चरित्रको हो। समस्या सरकारको होइन, दलहरूको हो। आज सुशासनको सबैभन्दा ठुलो बाधा कमजोर कानुन होइनन्न कमजोर राजनीतिक नैतिकता हो। राजनीतिक दलहरू सुर्ि एनन् भने, सुशासनको बहस बौद्धिक विलासमै सीमित हुने निश्चित छ। दलहरूलाई प्रश्न नगरी सुशासन सम्भव छैन। र, दलहरू नबदली लोकतन्त्रको भविष्य सुरक्षित छैन।

रातोपाटीबाट

## सिरहामा पनि...

जिल्लाका चारवटा संघीय निर्वाचन क्षेत्रअन्तर्गत पर्ने स्थानीय तहहरूमा प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि चार लाख ५३ हजार ६४५ मतदाता र ५३१ मतदान केन्द्र कायम गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय सिराहाले जनाएको छ। आयोगले अद्यावधिक गरेको पछिल्लो रेकर्डअनुसार १३० मतदान केन्द्र रहेको निर्वाचन क्षेत्र नं. १ मा ५८ हजार ८५५ पुरुष र ५३ हजार ९४ महिला गरी एक लाख ११ हजार ९४९ मतदाता छन्। त्यस्तै, १३६ मतदान केन्द्र रहेको निर्वाचन क्षेत्र नं. २ मा ६२ हजार ६५२ पुरुष, ५३ हजार १०६ महिला र दुई अन्य गरी एक लाख १५ हजार ७६० मतदाता रहेको आयोगको तथ्यांकमा उल्लेख छ।

निर्वाचन क्षेत्र नं. ३ मा ६३ हजार ३९१ पुरुष र ५५ हजार ८५९ महिला गरी एक लाख १९ हजार २५० मतदाता र १३६ मतदान केन्द्र कायम गरिएको छ भने ४ नं. क्षेत्रमा ५६ हजार ७१७ पुरुष, ४९ हजार ९६९ महिलासहित एक लाख ६ हजार ६८६ मतदाता र १२९ मतदान केन्द्र कायम गरिएको छ।

## प्रथम गोलबजार...

आयोजकले जनाएको छ। तालिका अनुसार आईतबारबाट सुरु हुने टुर्नामेन्टमा नगरक्षेत्रभित्रका ८ वटा संस्थागत विद्यालयहरुले भाग लिएका छन्।

प्रतियोगितामा बुढानिलकण्ठ स्कूल गोलबजार ४, ट्रिनिटी स्कूल गोलबजार ६, न्याचुरल स्कूल गोलबजार ४, सृजना सेकेन्ड्री स्कूल गोलबाजर ६, जेम्स स्कूल गोलबार ४, शान्ति निकुञ्ज स्कूल गोलबजार ८, शुभ श्री स्कूल गोलबजार ६, माउन्टएभरेष्ट स्कूल गोलबजार ४ रहेका छन्। माघ ४ गतेबाट सुरुहुने टुर्नामेन्टको फाईनल खेल माघ १४ गते हुने आयोजकले जनाएको छ। शिक्षासँगै विद्यार्थीमा रहेको आन्तरीक क्षमता विकासको लागि खेल एक महत्वपूर्ण साधन भएकाले यसतर्फ पनि यहाँका संस्थागत विद्यालयहरुले योगदान गरेको बताए। खेलकुदले विद्यार्थीको सर्वांगिण विकास त गर्छ नै राम्रो गर्नेहरुले यसैमा पनि भविष्य खोज्न सक्नेभएकाले पनि यस्ता प्रतियोगिताले प्रतिभा पहिचान गर्ने बताए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# सिरहाको गोसाइ डाँडा तालः पर्यापर्यटनको संगम



सिरहा, ३ माघ। चुरे क्षेत्रको प्राकृतिक सौन्दर्य, जलसंरक्षण र स्थानीय रोजगारीलाई एउटै सूत्रमा बाँध्दै सिरहाको लहान नगरपालिका–१५ मा रहेको 'गोसाइ डाँडा ताल' अहिले आन्तरिक पर्यटकको नयाँ आकर्षण बन्दै गएको छ। झवाई खोल्सी क्षेत्रभित्र सामुदायिक वनको पहलमा निर्माण गरिएको यो तालले पर्यापर्यटनसँगै जलवायु अनुकूलन र स्थानीय आर्थिक उत्थानलाई एकैसाथ जोडेको छ।

पानीमा देखिने दृश्य, चारैतिर फैलिएको हरियाली वन र तालमा डुङ्गा चढेर रमाइरहेका आन्तरिक पर्यटकहरूले झवाई खोल्सी क्षेत्रलाई अझ जीवन्त र आकर्षक बनाएको छ। पाँच वर्षअघि सामुदायिक वन उपभोक्ता समूहको पहलमा निर्माण गरिएको 'गोसाइ डाँडा ताल' अहिले लहान क्षेत्रकै प्रमुख आन्तरिक पर्यटकीय स्थलका रूपमा क्रमशः विकास हुँदै गएको झवाई खोल्सी चुरिया डाँडा सामुदायिक वनका अध्यक्ष लगनलाल चौधरी बताउँछन्।

अध्यक्ष चौधरीका अनुसार हाल विशेषगरी शनिबार र सार्वजनिक बिदाका दिनमा यहाँ आन्तरिक पर्यटकको उल्लेख्य चहलपहल देखिन थालेको छ। 'यस क्षेत्रको प्राकृतिक सौन्दर्यका कारण यहाँ आउने पर्यटकको संख्या निरन्तर बढ्दै गएको छ,' उनले भने, 'यदि ताल क्षेत्रको थप सौन्दर्यीकरण गर्न सकियो, डुङ्गाको संख्या बढाइयो, बालबालिकाका लागि चिल्ड्रेन पार्क, पर्यटक विश्रामका लागि गोलघर तथा अन्य आवश्यक संरचना निर्माण तथा भएका संरचनाको स्तरोन्नति गर्न सकियो भने झवाई खोल्सीलाई निकट भविष्यमा मधेस प्रदेशकै नमुना पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना प्रबल छ।'

पूर्वपश्चिम राजमार्गअन्तर्गत लहान बजारबाट करिब १० किलोमिटर उत्तरमा अवस्थित यो ताल झण्डै दुई बिघा क्षेत्रफलमा फैलिएको छ। तालको चारैतिर रहेका साना–ठूला पोखरीहरूले यस क्षेत्रको प्राकृतिक सौन्दर्य अझै बढाएको छ। चुरे क्षेत्रको सिमसार क्षेत्रलाई संरक्षण गर्दै जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने उद्देश्यले ताल निर्माण गरिएको हो।

चुरे क्षेत्रमा भूमिगत पानीको सतह घट्दै गएको सन्दर्भमा गोसाइ डाँडा तालले महत्त्वपूर्ण भूमिका खेलेको छ। विशाल तालको पानीले 'वाटर रिचार्ज'को काम गर्नुका साथै सिमसार क्षेत्रको संरक्षणमा सहयोग पुगेको वडाध्यक्ष तेजुलाल चौधरीको भनाइ छ। उनले भने, 'यस प्रकारका ताल र पोखरीले चुरे क्षेत्रको जलाधार संरक्षणमा दीर्घकालीन योगदान पुऱ्याउँछन्। त्यसैले यस्ता जलाधार क्षेत्रको संरक्षणमा हामीले विशेष ध्यान दिएका छौँ। स्थानीयलाई प्रोत्साहन गरेका छौँ।'

गोसाइ डाँडा तालको सिमसार क्षेत्रको पानीलाई संकलन गरी आवश्यकताभन्दा बढी पानी सिँचाइका लागि प्रयोग गर्ने सम्भावनाको अध्ययनपछि भूसंरक्षण तथा सिँचाइ कार्यालयले यहाँ लगानी गरेको छ। झवाई खोल्सीको पानी प्रयोग गरी बानोगाउँका किसानले तरकारी, गहुँ, धानलगायत बाली उत्पादन गर्न थालेपछि थारु र मुसहर समुदायको जीवनस्तरमा सुधार आएको छ।

यस क्षेत्रको विशेषता भनेकै स्थानीय थारु र मुसहर समुदायको सक्रिय सहभागिता हो। सामुदायिक वनको संरक्षण, तालको व्यवस्थापन र सौन्दर्यीकरणमा स्थानीयकै अग्रसरताले यो क्षेत्र उदाहरणीय बन्दै गएको छ। झवाई खोल्सी संरक्षण समितिका सचिव आनन्दलाल चौधरीका अनुसार खोल्सी दहमा माछापालन गरेर वार्षिक करिब रु दुई लाख आम्दानी भइरहेको छ भने वनको डालापात र दाउरा बिक्रीबाट थप रु पाँच लाख आम्दानी हुने गरेको छ। 'यसले सामुदायिक वनको दिगो व्यवस्थापनसँगै स्थानीयको आयआर्जनमा ठोस टेवा पुगेको छ,' उनले भने।

ताल क्षेत्रमा बोटिङ, विश्रामस्थल, घुम्ने बाटो, शौचालय, वनभोजस्थलजस्ता संरचना निर्माण भइसकेका छन्। यस सामुदायिक वनका अध्यक्ष चौधरीका अनुसार महादेव र हनुमान मन्दिर निर्माण अन्तिम चरणमा रहेको छ भने भविष्यमा भ्यूटावर निर्माण गर्ने योजना पनि रहेको छ। तालको बीचमा रहेको जमिनले यसलाई अझै आकर्षक बनाएको स्थानीय बताउँछन्, जसका कारण यहाँ आउने पर्यटकलाई पोखराको फेवातालको झल्को मिल्ने गरेको छ। स्थानीय बासिन्दा अशोक चौधरी भन्छन्, 'तालको बीचमा देखिने यो जमिनले यहाँको दृश्य निकै फरक र सुन्दर बनाएको छ धेरैले त पहिलोपटक देख्दा फेवातालजस्तै लागेको प्रतिक्रिया दिनुहुन्छ, यही कारण यहाँ आउने पर्यटक झन् आकर्षित भइरहेका छन्।'

लहान नगरपालिकाले झवाई खोल्सी डाँडामा शिव मन्दिर निर्माण, गाउँसम्म पुग्ने सडक ढलान तथा थारु परिकारमार्फत पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले थारु संस्कृति होमस्टे व्यवस्थापनसमेत सुरु गरिसकेको छ। यस क्षेत्रको थप विकासका लागि बाधक बनिरहेको बानो खोलामा पुल निर्माणको काम सुरु भइसकेको छ। पुलका लागि आवश्यक पिलर निर्माण भइसकेको र आगामी असार

–बाँकी अन्तिम पेजमा

# विपन्न मुस्लिम महिलालाई सुविधा सम्पन्न घर हस्तान्तरण

**सुधा देव**

सप्तरी, ३ माघ। सोसल लाइफ सेन्टर नेपालले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ६ की एक मुस्लिम समुदायका विपन्न महिलालाई सुविधा सम्पन्न भवन शनिबार हस्तान्तरण गरेको छ। स्थानीय एकल महिला जनतिया खातुनलाई कतार च्यारिटीको सहयोगमा सोसल लाइफ सेन्टर नेपालले शौचालय,भान्सा कोठासहित दुई कोठे भवन निर्माण गरेर हस्तानतरण गरेको हो। एउटा सानो झुपडीमा बस्दै आउनु भएको उनलाई बस्न समस्या हुँदै आएको बेला ११ लाख १ हजार रुपियाँ बराबरको लागतमा खातुनको घर निर्माण गरिएको सहयोगी संस्थाका अध्यक्ष हजरत मन्सुरीले जानकारी दिए। एक कार्यक्रम बिच प्रदेश सांसद एवं पूर्व मन्त्री सकील अली तथा हनुमान नगर कङ्कालीनी नगरपालिकाका मेयर बिरेन्द्र माझीले खातुनलाई घर हस्तान्तरण गरेको हो। यसअघि सोही संस्थाले हनुमाननगर कंकालिनी नगरपालिकाको वडा नम्बर ४ मधवापुर निवासी एकल महिला मोरनिया खातुनलाई पनि भान्सा घर र शौचालयसहितको दुई कोठे घर निर्माण गरिदिएको छ।

## *पलिकाले पूर्वाधार...*

अस्पताल आफै पनि आत्मनिर्भरको निशामा गईरहेको छ।'

उनले निजी अस्पतालमा सर्वसाधारण जनतले उपचार गराउनै नसक्ने अवस्था भएको बताउँदै मिर्चैया अस्पतालले सर्वसाधारण जनताको उपचारमा योगदान गरिररहेको बताए। मन्तव्यकै क्रममा नगर प्रमुख यादवले सरकारी अस्पतालका चिकित्सक निजी क्लिनिकमा काम गर्ने र अस्पतालमा विश्रामगरे जस्तै, शिक्षकहरुपनि निजी विद्यालयमा काम गर्ने र सरकारीमा गएर थकाई मार्ने प्रवृतिलाई अव रोक लागाउने बताए। उनले भने, 'निजीमा कामगर्ने र सरकारी संस्थामा गएर थकाई मार्ने प्रविक्तिलाई हामी अव कडाईकासाथ निगरानी गरिरहेका छौं। यसलाई हामी अझै प्रभावकारी बनाउँछौं। त्यसकोलागि हामीले यहि अधिवेशनबाट कार्यविधि बनायौं र त्यसको कार्यान्वयन हुन्छ।'

नगर प्रमुख यादवले नगर तथा वडाका कर्मचारीहरुले जनताको सेवालाई प्रभावकारी ढङ्गले अगाडी बढाउनु पर्नेमा जोड दिए। उनले जनताको काम गर्न आनाकानी गरे त्यस व्यवहार गर्ने कर्मचारीलाई हामी निगरानीमा राख्छौं र आवश्यक परे कार्वाहीको प्रकृयामा पनि अगाढी बढाउँ छौं। त्यसैले म तपाईंहरुलाई जनताको सेवामा दत्तचित्त भएर लाग्न निर्देशन गर्दछु।' सम्वोधनकै क्रममा नगर प्रमुख यादवले सम्पूर्ण जनप्रतिनिधीहरुलाई ठोस र प्रभावकारी योजनाहरु पेश गर्न अनुरोध गरे। उनले भने, 'तपाईंहरु उदेश्य सहित एउटा ठोस कामगर्ने योजना ल्याउनुस म त्यसलाई सकेसम्म पुरा गरेर बजेट लगाउन भरपुर सहयोग गर्छु। तर पाँचलाख, १० लाखको योजना बनाएर ल्याउने र त्यसमा अनावश्यक बखेडा गर्ने काम नगर्नुहोला, त्यसमा मेरो साथ सहयो रहने छैन।'

नगरसभामा उप–प्रमुख जिबछीदेवी साह, शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख दिपक कलौनी, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत योगेश कुमार यादव, मिर्चैया अस्पतालका प्रमुख सारिका गाईत, १२ वटै वडाका वडाअध्यक्षहरु, कार्यपाकिलिका सदस्य तथा सभासदस्यहरु, विद्यालयका प्रधानाध्यापकहरु तथा विभिन्न शाखाका प्रमुख तथा स्थानिय विभिन्न दलका प्रतिनिधी, व्यसायी, उद्योगीहरुको सहभागीता रहेको थियो।

मधेश प्रदेश सिरहा जिल्लाको धनगढीमाई नगरपालिका वडा नं.१३ स्थीत निजी जग्गाबाट वातावरण मैत्री तरिकाले माटो, ग्राभेल, बालुवा, ढुङ्गा तथा गिट्टी उत्खनन् तथा संकलन कार्यका लागी

## प्रारम्भिक वातावरणीय परीक्षण

**प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति २०८२/१०/०४

अबु शेखर डेभलपर्स एण्ड सप्लायर्स प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | अबु शेखर डेभलपर्स एण्ड सप्लायर्स<br>गोलबजार नगरपालिका–११<br>मधेश प्रदेश, नेपाल<br>फोन नं.९८१–९९०४०६९ |
| प्रस्तावको व्यहोरा | कित्ता नं. : ३८६, ८५, ३९५, ८७, ७६ र ९९<br>कुल क्षेत्रफलः २१,९३२.३१ वर्ग. मि. |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा. | सिरहा जिल्ला/ धनगढीमाई नगरपालिका वडा नं.१३ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न धनगढीमाई नगरपालिका वडा नं.१३ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | अबु शेखर डेभलपर्स एण्ड सप्लायर्स<br>गोलबजार नगरपालिका–११<br>मधेश प्रदेश, नेपाल<br>फोन नं. ९८१–९९०४०६९ |
| परामर्शदाताको नाम र ठेगाना | ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा. लि.<br>काठमाण्डौ<br>फोन नं. ९८५१२०३४५३<br>इमेल ghrc018@gmail.com |

# मधेश प्रदेश सभाले मनायो प्रदेश नामाकरण र राजधानी कायम दिवस



जनकपुर, ३ माघ। मधेश प्रदेशको नामकरण र राजधानी जनकपुर कायम गरिएको दिनको स्मरणमा मधेश प्रदेश सभाले शनिबार प्रदेश नामाकरण र राजधानी कायम स्मरणीय पावन दिवस मनाएको छ। माघ ३ गतेका दिन प्रदेश नम्बर २ ले मधेश प्रदेशको नाम पाएको थियो। नाम पाएको दिनलाई ऐतिहासिक दिनको संज्ञा दिँदै प्रदेश नामाकरण र राजधानी कायम दिवस मनाइएको हो।

सो अवसरमा मधेश प्रदेश सभाका सभामुख राम अशिष यादवको अगुवाईमा वृक्षारोपण गरियो। मधेश प्रदेश सभा परिसरमा विभिन्न जातका विरुवाहर सभामुख यादव लगायतले रोपेका छन्। सभामुख यादवले मधेश प्रदेशको नामाकरण हुनु र राजधानी जनकपुर हुनु संघीयताको प्रतीक रहेको बताए। उनले आजकै दिनले गणतन्त्र संस्थागत गरेको धारणा राखे। यादवले यस वर्ष वृक्षारोपन कार्यक्रम मात्र गरिएको पनि आगामी वर्षहरु आजका दिन विभिन्न कार्यक्रमहरुको आयोजना गरि मनाइने समेत जानकारी दिए।

सो अवसरमा सभामुख यादवले निवर्तमान सभामुख सरोज कुमार यादवलाई सम्मान गरेका थिए। वृक्षारोपन कार्यक्रममा मधेश प्रदेशका पूर्व मुख्यमन्त्री सरोज कुमार यादव, अर्थ मन्त्री महेश प्रसाद यादवलगायत मधेश प्रदेश सभा सदस्यहरुको उपस्थिती रहेको थियो।

# गगन थापा सभापति भएपछि नेपाली कांग्रेस धनुषाद्वारा खुसीयाली मनाईयो

जनकपुर, ३ माघ। गगन थापा सभापति चयन भएकोमा नेपाली कांग्रेस धनुषाले खुसीयाली मनाएको छ। शनिबार जनकपुरधाममा रहेको पार्टी कार्यालयमा नेता, कार्यकर्ताहरुले खुसीयाली मनाएका हुन्। सो अवसरमा नेपाली कांग्रेस जनकपुरधामका नगर सभापति एवम जनकपुरधामका मेयर मनोज कुमार साहले निर्वाचन आयोगले विधि सम्मत रहेर गरेको निर्णय स्वागतयोग्य रहेको धारणा राखे। उनले नेपाली कांग्रेस विभाजनका लागि विशेष अधिवेशन नभएको समेत बताए।

गगन थापाको नेतृत्वले नीति र नियत सभा राखेर युवा पुस्तालाई अगाडि सार्ने हिँसाबले काम गरेको नगर सभापति साहको भनाई रहेको थियो। नेता साहले धनुषा क्षेत्र नम्बर ३ बाट पहिला पनि एकल नाम बिमलेन्द्र निधिको सिफारिस गरिएकोमा निधीले गगन थापासंग टिकट लिएर चुनाव लड्न आए सम्पूर्ण धनुषाका कांग्रेसले सहयोग गर्ने बताए। नेता साहले पार्टीका शिर्ष नेताहरुलाई अभिभावकको रुपमा राखेर नयाँ नेतृत्वले संरक्षक सरह सम्मान गर्ने समेत बताए।

त्यस्तै, नेपाली कांग्रेस धनुषाका उपसभापति गणेश झाले चुनाव चिन्ह र झण्डाको विषयमा झगडा र विरोध नर्गन आग्रह गरे। उनले नेपाली कांग्रेसका केही नेता कार्यकर्ताहरुमा तत्काल असन्तुष्टि भएपनि नियम सम्मत गरिएको निर्णयहरुलाई सबैले मान्नुपर्ने धारणा राखे। उनले एक वर्ष भित्र फेरि अधिवेशन हुने जानकारी दिए। उनले देशमा अन्य पार्टीहरु प्रतिस्पर्धामा उत्रेको बेला नेपाली कांग्रेसले आफै भित्र मनमुटाव राख्न नहुनेमा जोड दिए। सबैलाई निर्वाचन आयोगको निर्णय मानेर अब हुने प्रतिनिधिसभाको चुनावमा केन्द्रित हुन समेत उनले आग्रह गरे।

*सिरहाको गोसाइ...*

मसान्तसम्म बाँकी काम सम्पन्न गर्ने लक्ष्य राखिएको नगरप्रमुख महेशप्रसाद चौधरीले जानकारी दिए। उनका अनुसार पुल निर्माणका लागि रु ३५ लाख बजेट विनियोजन गरिएको छ।

झवाई खोल्सी क्षेत्रलाई प्राकृतिक पर्यटकीयस्थलका रूपमा विकास गर्न लामो समयदेखि पहल भइरहे पनि यस क्षेत्रबाट निर्वाचित नेपाली कांग्रेसका नेता स्वर्गीय प्रदीप गिरीले स्थलगत भ्रमण गरी बजेट विनियोजन गरेपछि मात्र स्थानीय र प्रदेश सरकारको ध्यान केन्द्रित भएको सामुदायिक वनका अध्यक्ष चौधरीले स्मरण गरे। उनका अनुसार लहानकै राजदेवी र हात्ती दहजस्ता प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल आउने पर्यटकलाई झवाई खोल्सी हुँदै गोसाइ डाँडा तालसम्म ल्याउने उद्देश्यका साथ काम भइरहेको छ। उनले भने, 'पर्याप्त प्रचारप्रसार गर्न सके संरक्षण, पर्यटन र समृद्धिलाई एउटै सूत्रमा बाँध्दै अघि बढिरहेको गोसाइ डाँडा ताल अब केही वर्षभित्रै मधेस प्रदेशकै नमुना पर्यापर्यटन गन्तव्य बन्ने अपेक्षा गरेका छौँ।'

# हार्दिक श्रद्धाञ्जली







**स्व. शान्ति देव गुप्ता**

**गोलबजार उद्योग व्यापार संघका वरिष्ठ उपाध्यक्ष राकेश गुप्ताका पूज्यनीय आमा पूज्यणीय आमा ६२ वर्षीया स्व. शान्ति देवी गुप्ताको यही मिति २०८२ पुस २२ गते बुधबारका भएको दिन स्वर्गारोहन हुनु भएको उहाँ दिवंगत आत्मा चिर शान्तिको काम गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।**

**साथै शोक सन्तप्त परिवारजनहरुप्रति हार्दिक समवेदना प्रकटक गदर्छौं।**

**मार्गानुगामी दैनिक तथा**

marganugami.com

गोलबजार, सिरहा

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)